अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३

प्रस्तावनाः कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि स्वास्थ्य माटोको आवश्यकता र रासायनिक मलको परनिर्भरतालाई कम गर्दै प्राङ्गारिक मलको उपयोग वृद्धि गर्न "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७)" को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश (मन्त्रिस्तरीय निर्णय) बाट लागू हुने गरी यो प्राविधिक मापदण्ड तथा सञ्चालन विधि तयार गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यो सञ्चालन विधिको नाम **"अनुदानमा प्राङ्गारिक मल वितरण (८५% अनुदान) कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३"** रहेको छ।

(२) यो विधि मन्त्रालयवाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सञ्चालन विधिमा, -

(१) **"आपूर्तिकर्ता"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई प्राङ्गारिक मल आपूर्ति गर्ने प्राङ्गारिक मल उत्पादक वा वितरक लाई सम्झनु पर्छ ।

(२) **"कार्यक्रम"** भन्नाले अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) सम्झनुपर्छ।

(३) **"प्रदेश"** भन्नाले मधेश प्रदेश सम्झनु पर्छ।

(४) **"प्राङ्गारिक मल"** भन्नाले प्राणी वा वनस्पतिजन्य वा त्यस्तो दुवै प्रकारका सामाग्रीलाई पूर्ण रुपमा विघटन (डिकम्पोज) गरी पोषक तत्व वृद्धि गर्न वा अन्य कुनै प्रयोजनका लागि रासायनिक श्रोतका (सिन्थेटिक केमिकल्स) सामाग्रीहरू नमिसाइकन धुलो, दानादार वा झोलको रुपमा बनाइएको बाली विरुवाको पोषणको लागि प्रयोग गरिने कार्वनयुक्त पदार्थ सम्झनु पदर्छ र यसले गड्यौला मल समेतलाई जनाँउछ।

(५) **"मन्त्रालय"** भन्नाले मधेश प्रदेश स्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ।

(६) **"निर्देशनालय"** भन्नाले मधेश प्रदेश स्थित कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(७) **"केन्द्र"** भन्नाले मधेश प्रदेश स्थित कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

(८) **"आवेदक"** भन्नाले यस कार्यक्रमको लागि आवेदन पेश गर्ने कृषक कृषक/कृषि सहकारी/कृषक समूह/ फार्म/कृषि उद्यमिलाई सम्झनु पर्दछ।

डा. संजय कुमार यादव

(९) "अनुदानग्राही" भन्नाले यस कार्यक्रमका लागि छनौट भएका कृषक/कृषि सहकारी/कृषक समूह/ फार्म/कृषि उद्यमिलाई सम्झनु पर्दछ।

३. **कार्यक्रम सञ्चालनः** (१) यो कार्यक्रम प्रदेश सरकारको वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश भर सञ्चालन हुनेछ।

(२) कृषक/कृषक समूह/ कृषि सहकारी/संस्था/कृषि फर्म वा कृषि उद्यमीले अधिकतम ७५ के.जी. प्रति कट्ठाको दरले प्रयोग गर्ने गरी प्राङ्गारिक मलमा मात्र सहुलियत प्राप्त गर्न सक्नेछन्।

(३) बुँदा (२) मा जुन सुकै कुरा लेखिएता पनि कृषकको हकमा अधिकतम २.२५ मेट्रिक टन र समुह/सहकारीको हकमा ५० मेट्रिक टन सम्म मात्र प्राङ्गारिक मलमा अनुदान दिन सकिनेछ।

४. **सूचना प्रकाशन तथा आवेदन सङ्कलनः-** (१) केन्द्रले प्राङ्गारिक मल उपयोग गर्न इच्छुक आवेदकले लागि अनुसूचि-१ को ढाँचामा कम्तीमा १५ दिनको म्याद दिई दैनिक पत्रिकामा सूचना प्रकाशन गरी अनुसूचि-२ बमोजिमको आवेदन सङ्कलन गर्नु पर्नेछ र सो को जानकारी जिल्ला स्थित सबै स्थानीय तह तथा निर्देशनालयमा समेत पठाउनु पर्नेछ। सूचना तथा आवेदनको ढाँचा कार्यालयको वेबसाइटमा राख्नु पर्नेछ।

(३) उक्त म्यादभित्र पर्याप्त आवेदन पेश हुन नआएमा सात दिनको म्याद थप गरी पुनः सूचना प्रकाशन गरिनेछ र उक्त थप म्यादभित्र समेत गरी जे जति सँख्यामा आवेदन सङ्कलन भएपनि कार्यक्रम सञ्चालन गर्न बाधा पुग्ने छैन।

(४) माथि जुनसुकै कुरा लेखियता भएनि चालु आ.व २०८३/८४ मा केन्द्रबाट स्वीकृत भई संचालन भएका माटो स्वास्थ सुधार कार्यक्रम, व्यवसायिक उखु खेति परियोजना, कृषि विकास कार्यक्रम प्राविधिक मापदण्ड अन्तर्गतका कार्यक्रमहरु लगायत अन्य उपयूक्त कार्यक्रमहरुमा छनौट भएका आवेदकहरूले प्राङ्गारिक मल माँग गरे यस कार्यक्रमबाट आवश्यकता र औचित्यताको आधारमा प्राङ्गारिक मल सोझै उपलब्ध गराउन बाधा पुग्ने छैन।

५. **प्रस्ताव मुल्याङ्कन समितिः** (१) कार्यक्रमको उद्देश्य अनुसार पेश भएका प्रस्तावहरुको मूल्याङ्कन र छनौट गरी स्वीकृतिको लागि सिफारिस गर्न जिल्ला स्तरमा देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहने छ।

(क) केन्द्रको प्रमुखले तोकेको अधिकृत — संयोजक

(ख) अधिकृत प्रतिनिधि, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र — सदस्य

(ग) कार्यक्रम हेर्ने प्राविधिक कर्मचारी — सदस्य सचिव

(२) प्रस्ताव मूल्याङ्कन समितिले दुई जनासम्म प्राविधिक/विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) प्रस्ताव मूल्याङ्कन समितिले अनुसूची-१ मा उल्लेखित आवश्यक न्यूनतम मापदण्डलाई आधार लिई प्रस्ताव मूल्याङ्कनका थप आधार आवश्यक भएको खण्डमा आफैले तयार गरी केन्द्रको प्रमुखबाट स्वीकृत गराई म्याद भित्र प्राप्त भएका प्रस्तावको योग्यता र पूर्णताको जाँच गरी रित पुगेका प्रस्तावहरुको स्थलगत निरीक्षण र स्थलगत मूल्याङ्कन समेतको आधारमा उत्कृष्ट प्रस्तावहरु छनौट गरी स्वीकृतिका लागी केन्द्र प्रमुख समक्ष सिफारिस गर्नु पर्नेछ।

(४) आवेदन मूल्याङ्कन समितिले सिफारिस गर्नु पूर्व स्वीकृत बजेट तथा बुँदा-३ बमोजिमको सिमालाई मध्यनजर गर्दै छनौट सूचि तयार गर्नुपर्नेछ ।

६. **आपूर्तीकर्ताको छनौटः** (१) "प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका,२०७८" बमोजिम प्राङ्गारिक मलको प्राविधिक स्पेसिफिकेशन तयार गर्नुपर्नेछ र सो प्राविधिक स्पेसिफिकेशन लाई आधार मानी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार लागत अनुमान तयार गरी आपुर्तीकर्ता छनौटका लागि सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद अनुसार सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) तोकिएको म्याद भित्र प्राप्त भएको आपुर्तीकर्ताको आवेदनलाई नियमानुसार मूल्याङ्कन गरि कार्यालयले तयार गरेको प्राविधिक स्पेसिफिकेशन र लागत अनुमानको आधारमा लागत अनुमान वा सो भन्दा कम दररेट पेश गरेका आपुर्तीकर्ताहरुको मूल्याङ्कन गरि सुचि तयार गर्नुपर्नेछ । सुचितकृत भएका आपुर्तिकर्ताले पेश गरेका दर रेटको औसत निकालि, सो औसत दर रेटको सबैभन्दा नजिक रहेको दररेट लाई अनुदानको लागि आधार दररेट तोक्नुपर्नेछ।सो आधार दररेट भन्दा माथि दररेट भएका आपुर्तिकर्ता बाट अनुदानग्राहिले खरिद गरेको खण्डमा आधाररेटको आधारमा नै अनुदान को रकम भुक्तानि गरिनेछ,तर आधारदररेट भन्दा कम दररेट भएको आपुर्तिकर्ता बाट खरिद गर्दा पेश गरेको रेटको आधारमा अनुदान रकम भुक्तानि हुनेछ।

(४) आपूर्तिकर्ताले बोलपत्र जमानत तथा कार्य सम्पन्न जमानत सार्वजनिक खरिद ऐन तथा नियमावलीनुसार पेश गर्नु पर्नेछ ।

(५) स्थानिय तहमा दर्ता भएको आपुर्तिकर्ताले वार्षिक पाँच सय मे.टन मात्र आपुर्ति गर्ने सक्नेछ र सो भन्दा बढी परिमाणमा आपूर्ति गर्ने आपूर्तिकर्ताले प्रदेश कृषि हेर्ने मन्त्रालयमा सूचिकृत हुनु पर्नेछ ।

(६) आपूर्तिकर्ताको सूचिकृतको लागि सूचना तथा आपूर्तिकर्ताले पेश गर्ने निवेदन अनुसूचि-३ र ४ बमोजिमको ढाँचामा क्रमश हुने छ।

७. **भुक्तानी** : (१) सूचिकृत भएका आपुर्तिकर्ता बाट अनुदानग्राहिले आफुले रोजेको आपुर्तिकर्ताबाट मल खरिद गर्नुपर्नेछ र अनुदानग्राहिले बिल भर्पाइ लगायत केन्द्रले तोकेको अन्य विवरण सहित

डा. राजेश कुमार यादव
प्रदेश सचिव

अनुदान बापतको रकम भुक्तानी माग गर्दा कार्यालयले अनुदान वापतको रकम अनुदानग्राही वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई नियमानुसार भुक्तानी दिन सक्नेछ ।

८. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यकतानुसार मन्त्रालय तथा निर्देशनालयबाट अनुगमन तथा मूल्याङ्कन गर्न सकिनेछ र जुनसुकै बखत पनि प्राङ्गारिक मलको नमुना संकलन गरी परिक्षण गराउन सकिनेछ र सो परिक्षण बाट तोकिएको मापदण्ड अनुकुल नभएमा सम्झौता रद्द गर्ने सकिनेछ।

(२) बुँदा (१) बमोजिमको परिक्षण दस्तुर आपूर्तिकर्ताले बेहोर्नु पर्नेछ।

९. **संशोधन गर्न सक्नेः** (१) मन्त्रालयले आवश्यकता अनुसार यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिमा संशोधन गर्न सक्नेछ ।

१०. **खारेजी तथा बचाउः** (१) "अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२" खारेज गरिएको छ।

(२) "अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२" बमोजिम भए गरेका काम कारबाही यसै बमोजिम भए गरेको मानिनेछ।

अनुसूची - १

बुँदा ४(१) सँग सम्बन्धित

आवेदन आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः .....

श्री कृषि ज्ञान केन्द्र ..... को चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३, बमोजिम मधेश प्रदेशका कृषक/कृषक समूह/कृषि सहकारी/संस्था/ निजी कृषि फर्म तथा कृषि उद्यमीहरूलाई प्राङ्गारिक मल सहयोगका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। इच्छुक आवेदकहरूले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र देहायका कागजातहरू संलग्न गरी निवेदन सहित आवेदन दर्ता गर्नुहुन अनुरोध गरिन्छ। साथै म्याद नाघेका वा अपूर्ण विवरणयुक्त आवेदनहरू छनौट प्रक्रियामा समावेश गरिने छैनन्।

पेश गर्नुपर्ने कागजातहरूको विवरणः

१. जग्गाधनी पुर्जाको प्रतिलिपी।
२. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।
३. समूह वा संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. समूह वा संस्थाको हकमा नविकरण भएको प्रमाणपत्र वा कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि।
५. समूह वा संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र।
६. समूह वा संस्थाको हकमा निर्णयको प्रमाणित प्रतिलिपि।
७. अख्तियार प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति।

डा. संजय कुमार यादव
प्रदेश सचिव

अनुसूची –२

बुँदा ४(१) सँग सम्बन्धित

अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) कार्यक्रमका लागि आवेदकले पेश गर्ने प्रस्ताव फारम

मितिः.....

श्रीमान् प्रमुखज्यू,
श्री कृषि ज्ञान केन्द्र, ...,

विषयः प्राङ्गारिक मलमा अनुदानमा पाउँ बारे ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस कृषि ज्ञान केन्दबाट मिति ..... गतेको प्रकाशित सूचना बमोजिम अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) का लागि तपसिल बमोजिमको विवरण सहित आवेदन पेश गरेको गर्दछु ।

आवेदकको विवरणः						
नाम,थरः.....			ठेगानाः.....म.न.पा/उ.म.न.पा./न.पा./गा.पा. वडा टोल.....			
सम्पर्क नं.:.....			PAN नं			
जग्गा धनीको नाम	स्थानीय तह	वडा नं.	क्षेत्रफल (कट्ठा,धुर/ वर्ग मिटर)	खेति बालीहरू	आवश्यक प्राङ्गारिक मल परिमाण	कैफियत

आवेदककोः

हस्ताक्षर .....

नाम, थरः

सम्पर्क नं.

संस्थाको छाप

अनुसूची-३

बुँदा ६(६) सँग सम्बन्धित

आपूर्तिकर्ता सूचिकृतको लागि सूचना

श्री कृषि ज्ञान केन्द्र ..... को स्वीकृत वार्षिक कार्ययोजना तथा "अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२" बमोजिम, प्राङ्गारिक मल उत्पादन तथा वितरणमा संलग्न इच्छुक उत्पादक तथा वितरकहरूलाई यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र देहायका कागजातहरू सहित सूचीकृतको लागि निवेदन दिन अनुरोध गरिन्छ। निर्धारित म्यादभित्र पेश नभएका र आवश्यक कागजातसहित पेश नगरेका वा अपूर्ण आवेदनहरू छनौट प्रक्रियामा समावेश नहुने जानकारी समेत गराइन्छ।

आवेदनसंग संलग्न गर्नुपर्ने कागजातहरू:

१. प्रदेश वा स्थानियतहमा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

२. संस्था नवीकरण प्रमाणपत्र वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी अद्यावधिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

३. संस्था सम्बन्धी स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

४. पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र लेखा परिक्षण प्रतिवेदन।

५. आधिकारिक प्रतिनिधि (Authorized Agent) को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

६. प्राङ्गारिक मलको आधिकारिक परीक्षण प्रमाणपत्र (Test Certificate) तिन महिना भित्रको प्रमाणित प्रतिलिपि।

७. अनुसूचि-४ बमोजिमको निवेदन

८. .....

९. .....

डा. संजय कुमार यादव
प्रदेश सचिव

अनुसूची –४

बुँदा ६(६) सँग सम्बन्धित

प्राङ्गारिक मल आपुर्तिकर्ता सूचीकृतका लागी दिने निवेदनको ढाँचा

मितिः .....

श्रीमान् प्रमुखज्यू,
श्री कृषि ज्ञान केन्द्र, ...,

विषयः प्राङ्गारिक मल आपुर्तिकर्ताको लागि सूचीकृत गरी पाउँ।

उपरोक्त सम्बन्धमा .....प्राङ्गारिक मल उत्पादन गरी बिक्री वितरण गर्न इच्छुक भएकोले अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३, बमोजिम आपुर्तिकर्ता सूचीकृत गरी दिनु हुन निम्न अनुसारका विवरण तथा आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

(क) विवरण

(१) उत्पादक/आपूर्तिकर्ता व्यक्ति/संस्था/फर्मको नामः
(२) ठेगानाः
(३) फोन नः
(४) मलको व्यापारिक नामः
(५) .....

(ख) संलग्न कागजातहरु

(६) नागरिकताको वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि
(७) कम्पनी/फर्म/संस्था दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
(८) ब्राण्ड वा ट्रेड मार्क दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
(९) तिन महिना भित्रको प्रयोगशालाको विश्लेषण प्रतिवेदन
(१०) पान वा भ्याटको प्रतिलिपि
(११) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

निवेदक

दस्तखतः
नाम थरः
पदः

डा. संजय कुमार यादव
प्रदेश सचिव